# तेस्रो लिंगीसहित पाँचजनालाई नइ पुरस्कार

**हिमालय टाइम्स**

काठमाडौं, १३ माघ



नइ प्रकाशनले विविध क्षेत्रमा समर्पित राष्ट्रिय जीवनका पाँचजना साधकलाई २०८० सालको 'नइ पुरस्कार' समर्पण गर्ने निर्णय गरेको छ । नइ प्रकाशनका कुलपति इन्दिरा प्रसाईंको अध्यक्षतामा आइतबार बसेको नइ बैठकले उक्त निर्णय गरेको हो । साढे छ दशकदेखि नेपाली भाषासाहित्यको श्रीवृद्धिका लागि समर्पित रही कविता र निबन्धको सिर्जनाका साथै अनुवाद र सम्पादनमा समेत विशेष योगदान गरेबापत पाल्पाका कृष्णप्रसाद वस्याललाई साठी हजार रुपैयाँ राशिसहित ' नइ देरुनीख प्रदीप्ति पुरस्कार' समर्पण गरिने भएको छ ।

'नइ कीर्ति विवेचना'नामक कृतिमार्फत नइ प्रकाशनको कीर्ति, गरिमा र महिमाको अभिवृद्धिका लागि साहित्यकार ठाकुर शर्मा भण्डारीलाई 'नइ कपिल शोध पुरस्कार' समर्पण गरिने भएको छ । यस्तै, काठमाडौं उपत्यकाबाहिर रहेर नेपाली भाषासाहित्यको सिर्जना र संगठनको संवर्धनमा समर्पित हुँदै शिक्षा सेवामा समेत योगदान पुर्‍याउनु हुने झापाका धनकुटे कान्छालाई 'नइ देरुनीख गौरव पुरस्कार' समर्पण गरिने भएको छ ।

त्यस्तै, यौनिक तथा लैगिंक अल्पसंख्यक व्यक्तिहरूको हित, मर्यादा र संगठनमा क्रियाशील र समर्पित रही देशदेशान्तरमा समेत उल्लेखनीय योगदान पुर्‍याउने पोखराकी तेस्रो लिंगी रजनी थकालीलाई ' नइ रामलक्ष्मी पुरस्कार' समर्पण गर्ने निर्णय भएको नइ प्रकाशनका सदस्यसचिव नरेन्द्रराज प्रसाईंले जानकारी गराउनुभयो । यी तीनवटा पुरस्कारका राशि जनही पचासपचास हजार रुपियाँ रहेका छन् ।

यस्तै, थाइल्याण्डमा सम्पन्न विश्वका चवालीस राष्ट्रका आदिवासी किशोरीको अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगितामा मिस हेरिटेज पेटाइट युनिभर्सबाट सर्वोत्कृष्ट घोषित भई नेपालको प्रतिष्ठा बढाए बापत झापाकी मनीषा राजबंशीलाई पच्चीस हजार रुपैयाँ राशिको 'नइ देरुनीख पौरख पुरस्कार' समर्पण गरिने भएको छ ।

# नाकोर्लोजी' पुस्तकको लोकार्पण

**हिमलय टाइम्स**

काठमाडौं, १३ माघ




अधिवक्ता निराज खड्काद्वारा लिखित 'नाकोर्लोजी' पुस्तकको लोकार्पण गरिएको छ । पाल्पाली संगमद्वारा काठमाडौंमा आयोजित कार्यक्रममा नेपाल सरकारको मन्त्रिपरिषद्का पूर्वअध्यक्ष तथा पूर्वप्रधान न्यायाधीश खिलराज रेग्मीले उक्त पुस्तकको लोकार्पण गर्नु भएको हो ।

संघीय संसद्का महासचिव पदमप्रसाद पाण्डे र लेखक तथा समालोचक सुवासचन्द्र पोखरेलले पुस्तकको समीक्षा गर्नु भएको थियो । कार्यक्रममा पाल्पाका सांसद् ठाकुरप्रसाद गैह्रे, पूर्वसांसद तथा पूर्वमन्त्री सोमप्रसाद पाण्डे, पूर्वसांसद कुलप्रसाद नेपाल, वरिष्ठ अधिवक्ता भोजराज आचार्यलगायतले नेपालमा लागूऔषधको अवस्था, कानुनी व्यवस्था र यसको समाधानका उपायहरूबारे आफ्ना धारणा राख्नु भएको थियो ।

पुस्तक लागूऔषधको समस्यालाई केन्द्रमा राखेर लेखिएको यस पुस्तकले नेपालमा बढ्दै गएको लागूऔषधको दुर्व्यसन र यसले पारेको असरबारे गम्भीर अध्ययन प्रस्तुत गरेको छ । पुस्तकमा लेखकले लागूऔषधविरुद्धको लडाइँमा कानुनी तथा सामाजिक पक्षहरूलाई समेट्दै यस समस्याको दीर्घकालीन समाधानका लागि विभिन्न सुझाव दिनु भएको छ ।

कार्यक्रमका वक्ताहरूले लागूऔषधको दुर्व्यसनले समाजमा निम्त्याएको विनाशकारी परिणामबारे चर्चा गर्दै यस समस्या समाधानका लागि सबै पक्षको सहकार्य आवश्यक रहेकोमा जोड दिनु भएको थियो ।

संगमका अध्यक्ष विष्णु खत्रीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमको सञ्चालन महासचिव जीवन भण्डारीले गर्नु भएको थियो भने उपाध्यक्ष केशवराज आचार्यले स्वागत मन्तव्यसहित आफ्ना भनाइ राख्नु भएको थियो ।

# गाउँमा वन्यजन्तुको जोखिम बढ्यो

**डम्मर बुढा मगर/हिटा**

बागलुङ, १२ माघ

दिनप्रति दिन बागलुङको ग्रामीण क्षेत्रबाट बसाइँसराइ गरी शहर-बजार झर्नेको संख्या ठूलो छ । सेवा-सुविधा र अवसरका कारण बसाइँ सर्दा गाउँ रित्तो बन्दै गएका छन् । वनमाराले खेतबारी ढापक्कै ढाकिएका छन् । वरपरका रूख बिरुवा बढेर गाउँ छेकिन थालेको छ । युवा शक्ति विदेश र बालबालिका बजार झर्दा बागलुङका ग्रामीण क्षेत्रमा वृद्धवृद्धामात्रै बाँकी छन् । दशक अगाडिसम्म रमाइलो गाउँ बस्ती रित्तिएर उराठ लाग्दो बनेका छन् । झाडी पलाएर वरपर गर्ने बाटोसमेत ढाकिएको छ । घरसम्म झाडी पलाएपछि अहिले गाउँमा वन्यजन्तुको आतंक बढ्दै गएको छ । घरमै बाँदर, ब्वाँसो र स्याल आएर दुःख दिन थालेपछि स्थानीय तत्रसित बन्दै गएका छन् । जिल्लाको गलकोट, जैमिनी, काठेखोला र बरेङका अधिकांश गाउँमा बाँदर आतंक बढी छ ।

बाँदरले करेसाबारीमा लगाएका तरकारीदेखि बारदलीमा झुण्डाएर राखिएका सामानसमेत नष्ट गरिदिने गरेको जैमिनी नगरपालिका-५ का कुलबहादुर थापाले बताउनुभयो । गाउँमा जनसंख्या कम हुँदै गएपछि बाँदर आतंक बढ्दै गएको उहाँको भनाइ छ । पहिलेसम्म जंगलमा मात्रै भेटिने बाँदर, स्याल र अन्य हिंस्रक जन्तु हिँजोआज घरमै आएर सास्ती दिने गरेको गुनासो पोख्नुभयो । 'गाउँमा वन्यजन्तुले धेरै दुःख पदन थाले, बारीमा लगाएको तरकारीदेखि खाद्यबाली बाँदरले सखाप पारिदिन्छ, गोठमा पालेको गाई, बाख्रा र पाठापाठी ब्वाँसोले खाइदिन्छ' उहाँले भन्नुभयो, 'कुन बेला मान्छेलाई नै आक्रमण गर्छ भन्ने चिन्ता बढेको छ, यो समस्या बढ्दै गएको छ, सरकारले ध्यान दिन पर्‍यो, बसाइँसराइ गरेर जाने त गइहाल्छन्, गाउँमा बस्नेलाई डर भयो ।'

काठेखोला गाउँपालिका-५ का नन्दराम कँडेलले वन्यजन्तुले बालीनाली खाई दिने र पशुचौपाया मारी दिँदा वर्षेनी लाखौंको नोक्सानी व्यहोर्नु परेको गुनासो गर्नुभयो । हरेक वर्ष गाउँबाट बागलुङ बजार, पोखरा, काठमाडौं र चितवन बसाइँसराइ गर्ने भन्दै राज्यले बसाइँसराइ गरेर जानेले घर बारीलाई बाँझो राख्न नपाइने नीति ल्याउनुपर्ने उहाँको भनाइ छ । गाउँमा विकास हुँदै गए पनि धेरैले शहर रोज्दा गाउँमा वन्यजन्तुको आतंक बढ्न थालेको कँडेलले बताउनुभयो ।

उहाँले भन्नुभयो, 'हामीहरू धेरै पीडित बन्यौं, न गाउँ छोडेर बजार जान सक्छौं, न गाउँमा ढुक्कले बस्न सकेका छौं, यसतर्फ राज्यले ध्यान दिनु पर्‍यो, गाउँमा सबै ठीक छ, वन्यजन्तु व्यवस्थापन रोक्न सके हामी यही खुशी छौं ।'

# प्राडा. भट्टराईको 'नयाँ मुगलान' लोकार्पण




**काठमाडौं/हिटा ।** साहित्यकार प्राडा.गोविन्दराज भट्टराईद्वारा लिखित नवीन औपन्यासिककृति 'नयाँ मुगलान' सार्वजनिक गरिएको छ । नेपाल प्रज्ञा-प्रतिष्ठानमा शनिबार आयोजित कार्यक्रममा प्राडा.अभि सुवेदीलगायत साहित्यकारले 'नयाँ मुगलान' लोकार्पण गर्नुभएको हो । डा.सुवेदीले डा.भट्टराईको यो कृति एउटा गम्भीर उपन्यास भएको बताउनुभयो ।

उपन्यासकार भट्टराईले हालको विषम परिस्थितिका कारण नयाँ उपन्यास ल्याएको सुनाउनुभयो । आफूले यो उपन्यास सात दिनमै लेखेको उहाँको जिकिर थियो ।

कृतिमाथि पाठकीय टिप्पणी राख्दै प्राडा.कुमारप्रसाद कोइरालाले उपन्यासको शैली र शिल्पको चर्चा गर्नुभएको थियो । उहाले देशको पीडाले यो उपन्यास लेखिएको बताउनुभयो । यसलाई आफूले 'काव्योपन्यास' भन्न चाहेको उहाँको भनाइ थियो ।

समालोचक महेश पौड्याल र उपन्यासकार जानुका खतिवडाले पाठकीय टिप्पणी राख्दै 'नयाँ मुगलान'का विविध पक्षको चर्चा गर्नुभएको थियो । कार्यक्रममा साहित्यकार एलबी क्षेत्रीले देशका सबै सांसदलाई यो कृति पढ्न दिनुपर्ने बताउनुभयो । पढेर उनीहरूले देशको दुर्गतिबारे थाहा पाउने क्षेत्रीको भनाइ थियो । प्राडा.भट्टराईको पहिलो उपन्यास 'मुगलान' ०३१ सालम प्रकाशित भएको थियो ।

Government of Nepal

**Armed Police Force, Nepal Headquarters, Procurement Division**

Kathmandu, Nepal,

**Letter of Intent**

**Date of publication: 2081/10/14**

As per section 27(2) of Public Procurement Act-2063, This is to notify all the concerned Parties that it is our intention to award below mentioned contracts IFB No: APF/NCB/G/03/2081/082 (Re-Notice), published on National Daily Newspaper Himalayan Times on 2081/08/25 to the substantially responsive lowest evaluated bid as mentioned in respective column.

| S. N. | Contract ID No. | Name of Procurement | Selected Bidder | Bid Amount (without VAT) NRs. |
|---|---|---|---|---|
| 1. | APF/NCB/G/03/ 2081/082/06 (Re-Notice) | Vehicle Tools, Equipment & Lift Machine | Panchakanya Marketing Pvt.Ltd., Kathmandu | 31,85,840/70 |

Government of Nepal
Ministry of Agriculture and Livestock Development
**Agriculture Information and Training Centre**
Project Hariharbhawan, Lalitpur
Tel No.: 01-5422248/ 5422258,
Email: info@aitc.gov.np

**Invitation for Bids**

Date of Publication: 27 January, 2025

Agriculture Information and Training Centre, Hariharbhawan, Lalitpur invites electronic bids from Nepalese eligible bidders for the following work under National Competitive Bidding (NCB, Works) procedures. Eligible bidders may obtain further information from above office or may visit PPMO website www.bolpatra.gov.np/egp.

| S. N. | Detail of the Works | Estimated Amount with VAT (NPR) | Bid Document Fee (NPR) | Bid Security Amount (NPR) | Bid Submission Deadline |
|---|---|---|---|---|---|
| 1. | Procurement of Floor Concreting and Interlocking Block Pavement (AITC/NCB/WORKS/2081-82/01) | 38,58,439.05 | 3000 | 96500 | Date: February 27, 2025 Time: 12:00 pm |

सिद्धलेक गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बुङचुङ, धादिङ
बागमति प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(सुचना प्रकाशित मिति २०८१/१०/१४)

यस कार्यालयबाट मिति २०८१।०९।०९ मा E-Bidding (www.bolpatra.gov.np/egp) मार्फत Contract No. SRM/NCB/R/05/081/082 को बोलपत्र आव्हान सम्बन्धी सुचना अनुसार रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्र मूल्याङ्कन समितिबाट सिद्धलेक गाउँपालिका क्षेत्रभित्र नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ उत्खनन गरि सिद्धलेक गाउँपालिकाले तोकेको दरमा बिक्री गर्नको लागि प्रतिस्पर्धात्मक रुपमा गाउँपालिकाको न्यूनतम रकम भन्दा बढी रकम उठाउने कार्यको लागि बोलपत्रहरु मूल्याङ्कन गर्दा सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतीका लागि छनौट र सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (०२) बमोजिम सम्बन्धित बोलपत्रदाताहरुको जानकारिको लागि बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.स | ठेक्का नं. | ठेक्काको नाम | छनोट भएको बोलपत्रदाताको नाम | कबोल रकम मु.अ.कर बाहेक |
|---|---|---|---|---|
| १ | SRM/NCB/R/05/ 081/082 | ढुङ्गा, गिट्टी, बालुवा, वेस, चिप्स लगायत नदिजन्य पर्दाथहरुको विक्री शुल्क उठाउने कार्य । | जाल्पादेवी कन्ट्रयाक्टर्स | १,०९,००,००० |

**प्रमुख प्रशासकीय अधिकृत**

**Civil Aviation Authority Of Nepal**
**Gautam Buddha International Airport Civil Aviation Office**
**Bhairahawa Rupandehi,Nepal**

**Notice For Intent to Accept the bid**

**Date Of Publication :2081/10/14**

This is to notify (as per Section 27(2) of Public Procurement Act,2063) to all the concerned bidders,our intention to award following bidder selected as substantially responsive least evaluated bid.

| S.N. | Bid Description | Selected Bidder | Total Accepted Bid Price (WithOut VAT) |
|---|---|---|---|
| 1 | Supply and Delivery of Spare Tyres for Fire Vehicle; NCB-05/ GBIA/081-82 | M/S Marshyangdi Enterprises,ward no.11 Babarmahal Kathmandu Nepal | NRs.98,60,400/- (Ninety Eight Lakhs Sixty Thousands Four Hundred Only) |

नमोबुद्ध नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भकुण्डेवेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

**बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशन मितिः २०८१/१०/१४**

यस नगरपालिकाबाट निम्न योजनाहरुको लागि e-bid मार्फत बोलपत्र आह्वान गरिएको हुँदा इच्छुक फर्म, कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । विस्तृत विवरण सहितको सूचनाको लागि www.bolpatra.gov.np/egp, तथा यस कार्यालयको वेबसाईट www.namobuddhamun.gov.np मा हेर्न सकिनेछ ।

**तपसिलः**

| ठेक्का नं. | कार्यको विवरण | धरौटी रकम | दरभाउपत्र दस्तुर |
|---|---|---|---|
| NMUN/NCB/ WORK/2081/081-07 | Construction of B.P. Rajmarga Thadobato Jana kalyan Ma. Vi. Hudai Wada Karyalaya Jodne Sadak | NRs. 280,000.00 | NRs. 3,000.00 |
| बैङ्क खाता नं. | Name of the Bank: Rastriya Banijya Bank Ltd., Bhakundebesi Branch<br>Office Name: Namobuddha Municipality Office<br>Office Code: 801032602<br>Rajaswa (revenue) account no (for bid fee): **Ga-1-1-1540100301010002**<br>Dharauti Account No. (For Bid Security): **Ga-3-1540100303000002** | | |

**Sitaram Secondary School**
**Shikhar Municipality-09, Uchchhakot, Doti**

**Notice of Intention to Award Contract**

**(Notice No: 02/081/082)**
**Date of publication: 2081/10/14**

This notice has been published to inform all concerned, including the bidders, about the intention to Award Contract regarding the contracts under the tender notice published in "Naya Patrika" National Daily (Dated BS 2081/08/17) in accordance with Public Procurement Act, 2063 Clause 27 (2) and Clause 47.

| S. N. | Contract No. | Description of Works | Name and Address of The Successful Bidder | Accepted Bid Amount Excluding VAT & PS(NRs.) |
|---|---|---|---|---|
| 1. | 01-081/082/NCB/SRSDOTI | Sitaram Secondary School Building Construction Work at Shikhar Municipality-09, Doti | A.R. Engineering Consultancy and Construction Pvt. Ltd. Mangalsen Municipality-05, Accham | 51,53,450.00 |

**Principal**

CMYK